# जनगणना 2010: दक्षिण एशियाली

**1. 2010 जनगणना के हो?**

2010 जनगणना भनेको नागरिक, आप्रवासी तथा अध्यागमनसम्बन्धी कागजातहरू नहुने व्यक्तिहरू लगायतका संयुक्त राज्यमा बस्ने सबैजना मानिसहरूको गन्ती हो। एक शंघिय सरकारको निकाय, U.S. जनगणना विभागले हरेक दश वर्षमा राष्ट्रिय जनगणनाको संचालन गर्दछ।

**2. जनगणना कसरी गरिन्छ?**

अमेरिकाका प्रत्येक घरले मार्च 2010 मा एउटा जनगणना फारम पाउनेछन्। आफ्नो फारमलाई पूरा गरेर अप्रेल 1, 2010 भित्रमा फिर्ता पठाइदिनुहोला।




**3. *तपाईंले* जनगणनामा किन भाग लिनुपर्दछ?**

यहाँ तीनवटा कारणहरू दिइएका छन्:

**1. जनगणनामा संकलित सूचनाहरूले तपाईंको दैनिक जीवन तथा छरछिमेकमा प्रभाव पार्नेछ।** सरकारले तपाईंको समुदायभित्र कहाँ कहाँ बाटोघाटो, विद्यालय वा अस्पतालहरू बनाउनेछ भनेर जनगणनाको आंकडाले तय गर्नेछ।

**2. जनगणनामा संकलित सूचनाहरूले राजनैतिक शक्तिमा प्रभाव पार्नेछ।** संशदमा तपाईंको जिल्लाबाट कतिजना प्रतिनिधि हुनुपर्दछ भनेर यसैले निर्धारण गर्दछ।

**3. जनगणनामा संकलित सूचनाहरूले दक्षिण एशियालीहरूलाई प्रभाव पार्नेछ।** कुन राज्यमा सर्वाधिक मात्रामा दक्षिण एशियाली मानिसहरू छन भनेर जान्न चाहनुहुन्छ? अथवा देशमा कतिजना दक्षिण एशियाली मानिसहरू छन? जनगणनाद्वारा यी जानकारीहरू पाइनेछ।

**4. जनगणना 2010 फारममा के के सोधिनेछ?**

फारममा दशवटा प्रश्नहरू मात्र सोधिनेछ। प्रश्नहरू निम्नबारेमा हुनेछन्:

-तपाईंको घरमा कतिजना मानिसहरू बस्दछन्
-तपाईंको आफ्नै वा भाडाको घर हो
-तपाईंको लिंग
-तपाईंको जाति
-तपाईंको उमेर
-तपाईंको टेलिफोन नम्बर

**5. के जनगणना विभागले मेरो जानकारीहरू अन्य सरकारी निकायहरूमा बाँडनेछ?**

जनगणना फारममा उल्लेख जानकारीहरू गोपनीय रहनेछ तथा कुनैपनि सरकारी निकायमा जनाइनेछैन भनेर जनगणना विभागले जनाएको छ।



**6. के जनगणना फारम पूरा गर्नका लागि मैले मद्दत पाउन सक्छु?**

हजुर! सक्नुहुन्छ:

-मद्दतका लागि फरवरी 2010 देखि अप्रेल 2010 भित्रमा स्थानीय *प्रश्नावली सहायता केन्द्र* (QAC) वा आफ्नो समुदायको *बि काउन्टेड साइट*मा जानुहोस्। आफ्नो निकटतम केन्द्रको ठेगाना तपाईंको जनगणना क्षेत्रीय कार्यालयमा सम्पर्क गरेर पाउन सक्नुहुनेछ (http://bit.ly/92byLF मा सूची पाउन सकिन्छ)।

-फारममा उल्लेखित प्रश्नहरूको अनुवाद गर्न एउटा *भाषा सहायता गाइड*को प्रयोग गर्नुहोस्। गाइडलाई बङ्गला, गूजराती, हिन्दी, मलायलम, नेपाली, पन्जावी, तामील, तेलगु र उर्दू लगायतका विविध दक्षिण एशियाली भाषाहरूमा प्रकासित गरिन्छ (http://bit.ly/dIIn1 मा पाउनुहुनेछ)।

-जनगणना विभागको 1.866.872.6868 मा सम्पर्क गर्नुहोस्।



**7. मैले फारमलाई अप्रेल 1, 2010 भित्रमा फिर्ता पठाइन भने के हुनेछ?**

मे 2010 र जुलाई 2010 भित्रमा, जानगणना कर्मचारीहरूले फारममा सोधिएको जानकारीहरू प्राप्त गर्नका लागि जनगणनाको जवाफ नदिएका घरहरूमा जानेछन्। यसका अतिरिक्त, तपाईंको फारमका बारेमा केहि प्रश्नहरू भएमा पनि जनगणना कर्मचारीहरूले तपाईंलाई भेट गर्न सक्नेछन्। जनगणना कर्मचारीहरूले संकलन गरेको सूचनाहरू अन्य कुनैपनि सरकारी निकायसित बाँडिनेछैन।

**यो फ्याक्टशीट एक राष्ट्रिय गैर मुनाफावाल संस्था, साउथ एशियन अमेरिकन्स लिडिंग टुगेदरद्वारा तयार गरिएको हो। कृपया जनगणना 2010 बारे थप जानकारी पाउन, हाम्रो अनुवादित फ्याक्टशिट अर्डर गर्न तथा सहायता प्राप्त गर्नका लागि हामीलाई 301.270.1855 मा अथवा SAALT@SAALT.ORG मा सम्पर्क गर्नुहोला।**

# जनगणना 2010 तथा जातिबारे प्रश्न

**1. जनगणना फारममा जातिबारे प्रश्न कस्तो प्रकारको देखिनेछ?**

जनगणना फारमको जातिबारे प्रश्न यस्तो प्रकारको देखिनेछ:

**9.** **व्यक्ति 1 को जाती के हो ?** *एउटा या वडी कोठाहरुमा* ☒ *चिन्ह लगाउनुहोस ।*

- ☐ स्वेत,
- ☐ काला, अफ्रिकन अमेरिकन, अथवा निग्रा
- ☐ अमेरिकन इन्डीयन अथवा अलास्का नेटिभ – *दर्ता भएको अथवा प्रमूख ट्राइवको नाम ठुलो अक्षरमा लेख्नुहोस ।*
- ☐ एशियाई ईन्डीयन
- ☐ चिनिया
- ☐ फिलिपिना
- ☐ जापानी
- ☐ कोरियन
- ☐ भिएत्नामिज
- ☐ नेटिभ हवाइयन
- ☐ ग्वामानियन अथवा चाम्मोरो
- ☐ सामोअन
- ☐ अन्य एशियाई – *जातीलाई ठुलो अक्षरमा लेख्नुहोस, जस्तै, हिमोंग लाओसन, थाई, पाकिस्तानी, कम्वोडियन, आदी आदी ।*
- ☐ अन्य प्याशिफिक आइरल्यान्डर – *जातीलाई ठुलो अक्षरमा लेख्नुहोस, जस्तै, फिजि, टोगांन, आदी आदी ।*
- ☐ केहि अन्य जातीहरु – *जातीलाई ठुलो अक्षरमा लेख्नुहोस*

**2. जातिबारे प्रश्नको जवाफ किन जरुरी छ?**

अमेरिकामा हाल बस्दै गरेका विविध समुदायहरूका विषयमा जातिबारे प्रश्नले प्रमुख जानकारी उपलब्ध गराउँछ। जातिबारे प्रश्नको जवाफ दिँदा, तपाइँ को हुनुहुन्छ भन्ने सर्वाधिक राम्रोसित चिनाउने जवाफ रोज्नुहोस्।

**3. जनगणनामा दक्षिण एशियालीहरूलाई कसरी वर्गीकरण गरिन्छ?**

आदर्श रुपमा, दक्षिण एशियालीहरूलाई एशियाली जातिका वर्गभित्र राखिन्छ। जातिबारे प्रश्नमा एशियाली भारतीय लगायतका विविध एशियाली समूहहरूको सूचि दिइएको हुन्छ। तपाईंले आफ्नो वर्गको सूची नदेखेमा (जस्तै: पाकिस्तानी, बांग्लादेशी, श्रीलंकेली, नेपाली), तपाईंले "अन्य एशियाली" भन्ने कोठामा चिन्ह लगाएर आफ्नो सम्बन्धित समूहको नाम लेख्न सक्नुहुनेछ। जनगणनामा सबै दक्षिण एशियालीहरूका लागि एउटा जनसंख्या नम्बर <u>तथा</u> केहि खास दक्षिण एशियाली समूहहरूका लागि थप विस्तृत वर्गीकरणहरू उपलब्ध गराउनेछ।

**4. यदि मैले पाकिस्तानी, बांग्लादेशी, श्रीलंकेली वा नेपालीका रुपमा गन्ती गरिइन चाहेमा, मैले जातिबारे प्रश्नको जवाफ कसरी दिनुपर्नेछ?**

-भारतीयका रुपमा गन्ती गरिइन → "एशियाली भारतीय" कोठामा चिन्ह लाउनुहोस्

-पाकिस्तानीका रुपमा गन्ती गरिइन → "अन्य एशियाली" कोठामा चिन्ह लगाएर "पाकिस्तानी" लेख्नुहोस्

-बांग्लादेशीका रुपमा गन्ती गरिइन → "अन्य एशियाली" कोठामा चिन्ह लगाएर "बांग्लादेशी" लेख्नुहोस्

-श्रीलंकेलीका रुपमा गन्ती गरिइन → "अन्य एशियाली" कोठामा चिन्ह लगाएर "श्रीलंकेली" लेख्नुहोस्

-नेपालीका रुपमा गन्ती गरिइन → "अन्य एशियाली" कोठामा चिन्ह लगाएर "नेपाली" लेख्नुहोस्

**नोट:** यदि तपाईंले "एशियाली भारतीय" कोठामा चिन्ह लाउनुभयो <u>तथा</u> "अन्य एशियाली" कोठामा प्रतिकृया उल्लेख गर्नुभयो भने, तपाईंको जातिलाई "अन्य एशियाली" को रुपमा मात्र कोड गरिनेछ।

**5. यदि मैले इन्डो-क्यारिबियन, इन्डो-ट्रिनिडाडियन वा इन्डो-गुयानिजका रुपमा गन्ती गरिइन चाहेमा, मैले जातिबारे प्रश्नको जवाफ कसरी दिनुपर्नेछ?**

जनगणनामा यी समूहहरूलाई फरक रुपमा सूचीत गरिँदैन।

-यदि तपाईंले "अन्य एशियाली" मा चिन्ह लाएर "इन्डो-गुयानिज" उल्लेख गर्नुभयो भने, तपाईंको प्रतिकृयालाई एशियाली भारतीयका रुपमा गन्ती गरिनेछ।

-यदि तपाईंले "अन्य एशियाली" मा चिन्ह लाएर "इन्डो-क्यारिबियन" उल्लेख गर्नुभयो भने, तपाईंको प्रतिकृयालाई एशियाली भारतीय र काला/अफ्रिकन अमेरिकन दुवैका रुपमा गन्ती गरिनेछ।

-यदि तपाईंले "अन्य एशियाली" मा चिन्ह लाएर "क्यारिबियन" वा "ट्रिनिडाडियन" उल्लेख गर्नुभयो भने, तपाईंको प्रतिकृयालाई काला/अफ्रिकन अमेरिकनका रुपमा गन्ती गरिनेछ।

-यदि तपाईंले "अन्य एशियाली" मा चिन्ह लाएर "गुयानिज" उल्लेख गर्नुभयो भने, तपाईंको प्रतिकृयालाई कुनै अन्य जातिका रुपमा गन्ती गरिनेछ।



**6. म दोजातिय वा बहूजातिय हुँ। मैले के गर्नुपर्छ?**

तपाईंले एकभन्दा बढी जातिका वर्गहरूमा चिन्ह लगाउन सक्नुहुनेछ।

**7. म मेरो जातिभन्दा धर्म उल्लेख गर्न चाहन्छु। म के गरौँ?**

जनगणनामा धर्मबारे जानकारीहरू संकलन गरिँदैन। तपाईंले "सिख" वा "हिन्दू" भनेर लेख्नुभएमा जनगणना विभागले तपाईंलाई "एशियाली भारतीय" का रुपमा गन्ती गर्नेछ। तपाईंले "मुस्लिम" लेख्नुभएमा जनगणना विभागले तपाईंलाई कुनै विशेष जातिअनुसार कोड गर्न वा नगर्न पनि सक्नेछ।

चित्र सौजन्य RiniArt.org

**यो फ्याक्टशीट एक राष्ट्रिय गैर मुनाफावाल संस्था, साउथ एशियन अमेरिकन्स लिडिंग टुगेदरद्वारा तयार गरिएको हो। कृपया जनगणना 2010 बारे थप जानकारी पाउन, हाम्रो अनुवादित फ्याक्टशिट अर्डर गर्न तथा सहायता प्राप्त गर्नका लागि हामीलाई 301.270.1855 मा अथवा SAALT@SAALT.ORG मा सम्पर्क गर्नुहोला।**